श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानबमोजिम श्री खड्गमान मल्ललाई लोक सेवा आयोगको रिक्त भएको सदस्य पदमा नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

माननीय पर्यटन राज्यमन्त्री श्री द्रोण शम्शेर ज.ब.रा. विश्व पर्यटन संगठनको तत्वावधानमा मेक्सिकोको अकापुल्कोमा हुने विश्व-पर्यटन बैठकमा नेपाली प्रतिनिधि-मण्डलको नेतृत्व गर्नु हुन त्यसतर्फ जानु भएकोले उहाँ फर्की नआउन्जेलसम्मको लागि उहाँले सम्हाली आउनु भएको पर्यटन मन्त्रालयको कार्यभार माननीय सामान्य प्रशासन राज्यमन्त्री श्री भीमप्रसाद गौचनले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।